बाह्रविसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

शिक्षक आवश्यकता सम्बन्धी सूचना।

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०८/०४ गते)

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गतका देहायमा उल्लिखित सामुदायिक विद्यालयमा निम्नानुसारको तह, श्रेणी र कोटामा रिक्त रहेको अस्थायी शिक्षक पदपूर्ति नगरपालिका शिक्षा ऐन, २०७६ (संशोधनसहित) को दफा ४० अनुसार गर्नुपर्ने भएकाले तपसिलमा उल्लिखित आवश्यक योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले नगरपालिकाबाट दरखास्त फाराम प्राप्त गरी उक्त दरखास्त फाराम भरेर आवश्यक प्रमाण कागजात संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्न हुन सम्बन्धित सबैको जनाकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी तथा रित पुरा नगरी पेस हुन आएको दरखास्त उपर कुनै कार्यवाही गरिने छैन।

रोहित भट्ट
शिक्षा अधिकृत

देहायः

१) विज्ञापन नम्बर, विद्यालयको नाम ठेगाना, कोटाको किसिम, तह, प्रकार र मागपद संख्या

विज्ञापन नम्बर	पदपूर्ति हुने विद्यालयको नाम/ठेगाना	कोटाको प्रकार	तह/श्रेणी	विषय	माग पद संख्या
१७/२०८३/८४	श्री सिँगार्चे मा.वि. बाह्रविसे-५	संघीय शिक्षण सहयोग अनुदान	निमावि	विज्ञान	१
१९/२०८३/८४	श्री पञ्चकन्या आ.वि., बाह्रविसे-७	संघीय शिक्षण सहयोग अनुदान	निमावि	विज्ञान	१

२) पारिश्रमिक तथा अन्य सुविधाः नेपाल सरकारले निर्धारण गरे बमोजिम।

३) परीक्षाको किसिमः लिखित, मौखिक तथा आवश्यक परेमा प्रयोगात्मकसमेत ।

४) उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

५) परीक्षा हुने क) स्थानः बाह्रविसे नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा ख) मिति/समयः पछि प्रकाशन गरिनेछ।

६) न्यूनतम शैक्षिक योग्यताः शिक्षा समूहबाट सम्बन्धित विषयमा कक्षा १२ वा सो सरहको परीक्षा उत्तीर्ण।

७) दरखास्त दस्तुरः रु. ७००/- (सात सय रुपैँया मात्र) नगरपालिकाको राजस्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फारामसाथ संलग्न गर्नु पर्नेछ।

८) दरखास्त दिने अन्तिम मितिः २०८३/०८/१८ गते कार्यालय समय भित्र।

९) शिक्षक सेवा आयोगको करार सूचिमा सूचिकृत उम्मेदवारको दरखास्त परेमा योग्यताक्रममा अगाडि रहेको उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिनेछ।

१०) संलग्न गर्नुपर्ने कागजातहरुः

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि/अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
- शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि/नगरपालिकाबाट प्राप्त गरेको दरखास्त फाराम

बोधार्थः

श्री सूचना तथा सञ्चार प्रविधि शाखा, बाह्रविसे नगरपालिकाः सूचना कार्यायलको वेबसाइटमा अपलोड गरिदिन हुन।

☎:०११-४८९२८० ✉ : barhabise.education2081@gmail.com 💻 : barhabisemun.gov.np